# जिल्ला समन्वय समितिको कार्यालय,

## भक्तपुर, बागमती प्रदेश, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०७७ श्रावण, भाद्र र असोज सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०७७, असोज

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्नेक्रममा जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुरद्धारा आ.व.२०७७/०७८ को पहिलो त्रैमासिक (श्रावण, भदौ र असोज महिनामा) सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

**जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर**

# विषयसूची


१. जि.स.स.को स्वरुप र प्रकृति

२. जि.स.स.को काम, कर्तव्य र अधिकार

३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जि.स.स.बाट प्रदान गरिने सेवा

५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु

१५. जि.स.स.को वेभसाइट

१६. जि.स.स.ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१७. जि.स.स.ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

१८. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९. जि.स.स.मा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विबरण

२०. जि.स.स.का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण**
**आ.व.२०७७/०७८ (श्रावण, भदौ र असोज)**

## १. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समिति कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभामा ले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ ।भक्तपुर जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।भक्तपुर जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिनाको ६ गते नियत रुपमा बस्ने गरेको छ भनेआवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वयसमितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि.श्रेणी) को नेतृत्वमा निजामती तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन् ।नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

देहाय वमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

(क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु

- ☐ जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- ☐ विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन को कार्य गर्ने,
- ☐ जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- ☐ प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ -

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

## ३.जिल्ला समन्वय समितिमा रहने कर्मचारी संख्या र कार्यविवरण

### जिल्ला समन्वय समिति का पदाधिकारीज्यूहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री नवराज गेलाल | प्रमुख |
| २ | श्री सरिता कुँवर | उप प्रमुख |
| ३ | श्री शकुन्तला श्रेष्ठ | सदस्य |
| ४ | श्री गिता देउजा | सदस्य |
| ५ | श्री बाबुकाजी श्रेष्ठ | सदस्य |
| ६ | श्री उमेश श्रेष्ठ | सदस्य |
| ७ | श्री गिता विशुङ्के | सदस्य |
| ८ | श्री कमला पोखरेल | सदस्य |
| ९ | श्री श्रीराम व्यान्जु | सदस्य |

## जिल्ला समन्वय समितिमा हाल कार्यरत निजामती कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री जगन्नाथ लामिछाने | जि.स.अ./रा.प.द्धि. |
| २ | श्री कल्पना खनाल बस्नेत | शाखा अधिकृत/रा.प.तृ. |
| ३ | श्री पुष्पा दाहाल | लेखापाल/रा.प.अनं. प्र. |
| ४ | श्री चिरन्जीवी वन | नायव सुव्वा/रा.प.अनं. प्र. |
| ५ | श्री जयप्रकाश गिरी | सव ईन्जिनियर/रा.प.अनं.प्र. |
| ६ | श्री सन्जय पौडेल | खरिदार/रा.प.अनं. द्धि. |
| ७ | श्री अम्विका दाहाल | का.स./श्रेणीविहिन |

## जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरण

**१.ईन्जिनियर / रा.प.तृतिय श्रेणी**
**२.कार्यालय सहयोगी/ श्रेणी विहिन**

## .जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी | कार्यरत शाखा |
|---|---|---|---|
| १ | श्री समित गेलाल | जि.स.स. प्रमुख ज्यूको पि.एँ | .सहायकस्तर पाचौ |
| २ | श्री विनोद भडेल | सवारी चालक | जि.स.स. प्रमुख |
| ३ | श्री सरोज न्यौपाने | सवारी चालक | जि.स.स.उप- प्रमुख/जिल्ला समन्वय अधिकारी |
| ४ | श्री शैलेन्द्र मलेकार | कार्यालय सहयोगी | सवै शाखा |
| ५ | श्री रमिता पोडे | सफाई कर्मचारी | |
| ६ | श्री दिपेश विसुङ्के | बालविबाहमुक्त प्रदेश अभियान सहजकर्ता | |
| ७ | श्री सिता विष्ट कार्की | सहयोगापेक्षी सडक मानव सहजकर्ता | |
| ८ | श्री शुसिल बस्नेत | समन्वयकर्ता | गरिवसंग विशेश्वर कार्यक्रम |
| | | | |

**४. जिल्ला समन्वय समिति बाट प्रदान गरिने सेवाहरु :**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानुनले प्रत्यायोजन गरेका अधिकार अन्तर्गतका सवै सेवाहरु ।

- नागरिक बडापत्र तयार गरिएिको ।
- जि.स.स.बाट सम्पादन गरिने कामहरुको विवरण सार्वजनिक गर्ने गरिएको ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा र सूचना शाखा | शा.अ. कल्पना खनाल बस्नेत | |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | स.ई. जयप्रकाश गिरी | |
| ३ | लेखा शाखा | ले.पा. पुष्पा दाहाल | |
| ४ | स्टोर शाखा | ना.सु.चिरन्जीवी वन | |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सवै सेवा निशुल्क रुपमा प्रदान हुने ।

**७.निर्णय गर्ने प्रकृया र अधिकार**

- शाखासंग सम्वन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।
- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- कार्यालयको दैनिक कामकाज सम्वन्धमा भएको निर्णय सम्वन्धी उजुरी -जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्वन्धी उजुरी -जि.स.स. प्रमुख

## ९. सम्पादन गरेका कामको विवरण (मिति २०७७ श्रावण देखी असोज मसान्त सम्म को त्रैमासिक विवरण )

- मिति २०७७ श्रावण महिनामा जिल्ला भित्रका नापी कार्यालय, मालपोत कार्यालय, विद्युत प्राधिकरण, भक्तपुर अस्पताल, क्यान्सर अस्पताल, मानव अंग प्रत्यारोपण केन्द्र को जिल्ला समन्वय समितिका प्रमुखको अगुवाइमा जिल्ला समन्वय समितिका सवै पदाधिकारी , कमचारी र पत्रकार सहितको टोलीले अनुगमन गरेको ।
- जिल्ला समन्वय समितिले बाल सचेतना जगाई बालश्रम, बालविबाह लगायतका बालबालिका उपर गरिने हिंसा रोक्नका लागि छापेका ब्रोसर, स्टिकर, पम्प्लेट, टिसर्ट आदी लक्षित वर्गमा पुर्‍याउनेगरी जिल्लाका सवै स्थानीय तह, प्रहरी कार्यालयलाई हस्तान्तरण गरिएको ।
- "जि.स.स. मौजदात कोष सञ्चालन निर्देशिका २०७५" बमोजिम जि.स.स.को मौजदात कोष वितरणका लागि "जि.स.स. मौज्दात कोष तर्फका योजनाको सम्झौतापत्र आ.व. २०७७७८" तयार गरी जिल्ला भित्रका चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिका संग योजना सम्झौता गरी कार्य सुचारु गर्नका लागि आवश्यक प्रकृया अगाडी बढाईएको ।
- कार्यालयको दैनिक कामकाज नियमित रुपमा सञ्चालन भएको ।

## १०.सूचना अधिकारी र प्रमुखको नाम र पद

- कार्यालय प्रमुख : जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने
- सूचना अधिकारी : शाखा अधिकृत श्री कल्पना खनाल बस्नेत

## ११.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाँउ /नगर/जिल्ला सभा संचालन(कार्यविधि) ऐन, २०७५ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५(बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (संघीय सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (संघीय सरकर)
- वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ (नेपाल सरकार)
- नदीजन्य पदार्थ (संकलन र उपयोग ) कार्यविधि, २०७५(बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७६
- प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७६
- जिल्ला अनुगमन कार्यविधि २०७५
- जिल्ला सभा सञ्चालन कार्यविधि, २०७५

**१२. आम्दानी खर्च  तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण**

| सि. नं. | विवरण | प्राप्त रकम | खर्च भएको रकम |
|---|---|---|---|
| १ | जि.स.स. अनुदान | १,३०,६६,०००। | २७६४७४४।१२ |
| २ | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेश | ३५,००,०००। | |
| ५ | गरिवसंग विशेश्वर कार्यक्रम | ३,७९,०००। | |
| ६ | कर्मचारी कल्याण कोष | १९९७४५।५९ | ९९,८७,६७४।२१ |

**जि.स.स.को स्व आर्जन तर्फ**

चालु आ.व.मा हलभाडा वापत रु. ४०००। प्राप्त भएको ।

**१३.तोकिए बमोजिमका अन्य विवरण**

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- विपद व्यवस्थापन समिति,  लघु उद्यम विकास समिति, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, भूकम्प पुननिर्माण समन्वय समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स.को प्रतिनिधित्व गर्ने गरेको ।

**१४. अघिल्लो आ.व.मा जिल्ला समन्वय  समितिले गरेका कार्यक्रम वा सञ्चालन गरेका आयोजनाको विवरण**

| | | |
|---|---|---|
| १) | वार्षिक समिक्षा कार्यक्रम | २०७६ श्रावण २७ र २७ गते यस जिल्ला वाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेश साँसद ज्यूहरुको उपस्थितिमा यस जिल्लाका स्थानीयतह,प्रदेश सरकारका कार्यलय,संघीय कार्यालय तथा अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको दिमो । |
| २) | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | यस जिल्लाका संघीय निर्वाचन क्षेत्र २ वटा तथा प्रदेश निर्वाचन क्षेत्र ४ वटाको लागि संघ तथा प्रदेश सरकार वाट स्वीकृत कार्यविधी नियमावली वमोजिम कार्यक्रम परिमर्श समिति तथा निर्देशक समितिको प्रठम वाट योजना छनोट गरी सम्वन्धित स्थानीय तहमा कार्यान्यवयन लागि पठाइएको । |
| ३) | नवदुर्गा भवानीको पूजा अर्चनाको लागि अक्षयकोष स्थापना गर्न सहयोग | हरेक वर्षको कोजाग्रत पूर्णिमाको दिन राष्ट्रप्रमुखको उपस्थित रहने भक्तपुर जिल्ला स्थित श्री नवदुर्गा भवानीको नियमित पूजा अर्चनाका लागि जिल्ला समन्वय समिति भक्तपुर वाट कोषमा मौज्दात रहेको रकम वाट मन्त्रालयको सहमतिमा रु.१५(पन्ध्र)लाख अक्षयकोष स्थापनाको लागि सहयोग उपलव्ध गराइएको । |
| ४) | खेललडीहरु लाई सम्मान तथा पुरस्कार | तेह्रौ दक्षिण एशियाली खेलकुद प्रतियोगितामा यस भक्तपुर जिल्ला |

| | | |
|---|---|---|
| | वितरण | वाट सहभागी भई पदक जित्न सफल भएका १० जना खेलाडीहरु लाई जिल्ला समन्वय समिति भक्तपुर वाट मिति.२०७६।१०।२२ गते एक कार्यक्रम आयोजना गरी प्रति व्यक्ति रु.१५ हजार देखी ३० हजार सम्म गरि जम्मा रु.१,८५०००/- नगत पुरस्कार सति सम्मान गरिएको । |
| ५) | कोभिड १९ संग सम्वन्धित एम्बुलेस संचालन गर्न सहयोग | Dccmc को अनुरोधमा भक्तपुर क्यान्सर अस्पतालमा रहेको एम्बुलेन्स लाई जि.स.स.को सहयोगमा मर्मत गरी (शववाहान एम्वुलेन्स) संचालनमा ल्याइएको । |
| ६) | स्थानीय न्यायिक समितिको अनुगमन तथा अन्तरक्रिया गोष्ठी | अन्तरिक मामिला तथा कानुन मन्त्रालय वागमती प्रदेशको कार्यक्रम अनुसार यस जिल्ला भित्रका स्थानीय तहहरुमा रहेको न्यायिक समितिको स्थलगत अनुगमन जि.स.स.उप-प्रमुख ज्यूको संयोजगत्वमा गठित अनुगमन टोलीमा प्रदेश कानुन मन्त्रालयको अधिकृत प्रतिनिधी सहित सम्पन्न गरी न्यायिक समितिका पदाधिकारी कानुनी स्हजकर्ता र कर्मचारी सहितको अन्तरक्रिया गोष्ठी सम्पन्न गरियो । |
| ७) | विकास निर्माण कार्यमा सहजिकरण | कोभिड १९ को कारण प्रभावित भएका विकास निर्माण योजना र कार्यक्रम लाई  सहजीकरण गर्ने उदेश्यले Dccmc का पदाधिकारी सहित जि.स.स.का पदाधिकारी तथा कर्मचारी वाट सुर्यविनायक,मध्यपुर थिमी,चाँगुनारायण नगरपालिका कार्यालयमा नगरपालिका पदाधिकारी र कर्मचारी समेटको उपस्थितिमा अन्तरक्रिया समन्वय र सहजिकरण गरिएको (२०७७ बैशाख २१,२२ र २३ गते) त्यसैगरी कोभिड १९ को कारण प्रभावित भएका सहकारी संस्था,कृषक सहकारी,घरेलु उद्योग,वापणज्य व्यापार व्यवसाय लगायत सम हालमा सरोनार सवै पक्षको अन्तरक्रिया सहित सहजीकरण वैठक मिति.२०७७१।१२ गते सम्पन्न । |
| ८) | जिल्ला सुचना तथा अभिलेख केन्द्र स्थापना | स्थानीय सरकार संचालन ऐन तथा वागमती प्रदशद कानुन वमोजिम जिल्ला समन्वय समिति अन्तर्गत एउटा जिल्ला सूचना तथा अभिलेश जि.स.स.भक्तपुर अन्तर्गत जिल्ला तथा जिल्ला भित्रका सवै स्थानीयतहहरुको आवश्यक सूचना,तथ्याङ्क र जानकारी सखितको विद्युतिय सूचना केन्द्र स्थापना गरी संचालन गर्ने चरणमा रहेको |

| | | |
|---|---|---|
| ९) | जनचेतनामूलक सन्देशका जिङ्गल प्रशारण | प्रदेश सरकारवाट प्रप्त वजेट तथा कार्यक्रम अनुसार हालको समसामायिक विषयहरु कोभिड १९ सर सफाई तथा वातावरण संरक्षण जन स्वाथ्य,महिला हिंसा,वालविवाह रेक्ने,वालमैत्री  ऐतिहासिक सम्पदा संरक्षण ,अर्गानिक खेती जस्ता २६ वटा जिङ्गल तयार गरी स्थानीय एफएमहरु वाट प्रशारण गरि रहेको छ । |
| १०) | खानेपानी टेंकी उपलव्ध | खानेपानीको समस्या भोगी रहेका चाँगुनारायण नगरपालिकाको मानव सेवा |

| | | |
|---|---|---|
| | गराइएको | आश्रममा रहेको असहाय,अशक्त जेष्ठ नागरिक,वाल वालिकाहरु लाई ५,००० लिटर क्षमताको १ र चाँगुनारायण नगरपालिका वडा नं.२ र ३ को माग वमोजिम ३ वटा खानेपानी ट्यांकी वितरणका लागि तयार गरिएको । |
| ११) | वालवालिका संग सम्वन्धि प्रचार समग्री वितरण | महिला वाल वालिका सम्वन्धी जिल्ला सहजीकरण समिति मार्फत महिला वालवालिका संग सम्वन्धीत विषयका विभिन्न पर्चा,पम्पेलेट,ब्रोसर,पोल ब्यानर,स्टीकर,टिसर्ट जि.स.स.ले छपाई गरी जिल्लाका ४ वटै नगरपालिका,जिल्ला प्रहरी परिसर मार्फत विद्यालय,कार्यालय,संघ संस्था,वालक्लव लगायत सवै सरोकार पक्षमा पुग्ने गरी वितरण का लागि तयार गरिएको । |
| १२) | जि.स.स.को मौज्दात कोष तर्फको योजना छनोट | नेपाल सरकार द्वारा स्वीकृत जि.स.स मौज्दात कोष संचालन नियमावली वमोजिम यस जिल्लामा मौज्दात रहेको कोष वाट स्थानीय नगरपालिकाहरु वाट माग भए वमोजिम सूर्यविनायक नगरपालिका, चाँगुनारायण नगरपालिकाका योजना समिति वाट छनोट भएको । |
| १३) | भूकम्प पूननिर्माणको सहसजकरण | भूकम्प पुननिर्माण जिल्ला सहजीकरण भक्तपुर वाट विभिन्न मितिमा भूमिहिन लाभग्राही,सरकारी कार्यालयलाई एकिकृत भौतिक संरचना निर्माण गर्ने,अनुदानको लागि पहिचान जस्ता विषयका ७ वटा वैठक सम्पन्न । |
| १४) | अन्य समन्वय,सहजिकरण र सहभागिता | जिल्ला स्तरिय कोभिड १९ समन्वय समिति Dccmc को वैठकमा स्थलगत अनुगमन,निरिक्षणमा सहभागिता हुनुपर्ने सरसफाई अभियानमा समन्वय गर्न सहजीकरण जस्ता विषमा जिल्लासमन्वय समिति र पदाधिकारीहरु वाट आवश्यक भूमिका निर्वाह भएको । |
| १५) | उत्कृत महिला सहकारी सिफारिस | प्रदेश सरकार वाट अनुरोध भई आए अनुसार यस जिल्लामा रहेका महिला सहकारी संस्थाहरु मध्य तोकिएको सूचकका आधारमा उत्कृष्ट ३ महिला सहकारी संस्थालाई सिफारीस गरी पठाईएको । |
| १६) | जि.स.स. सभाहल व्यवस्थापन | जिल्ला समन्वय समितिको सभाहलको स्पीकरमाईक,सोफा,टेवुल पुरानो भएकोले सो हल लाई सुहाउदो राउण्ड टेवुल,कुर्सी,टि टेवुल,स्पीकर नयाँ खरिद तथा सोफा मर्मत गरी सभहल लाई व्यवस्थित गरिएको |

**१५.जिल्ला समन्वय समितिको वेभसाईट**

www.ddcbhaktapur.gov.np

**१६.जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण**

यस अवधिमा कुनैपनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

**१७. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिनाको ६ गते जि.स.स. पदाधिकारीज्यू हरुको नियमित बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको ।

जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्यप्रगति सम्वन्धी गर्ने गरेको समिक्षाको प्रतिवदेन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको ।

**<u>१८. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि</u>**

जिल्ला समन्वय समितिका सवै सूचनाहरु हेर्न सकिने व्यवस्था रहेको

**<u>१९.जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिईएको विवरण</u>**

सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ बमोजिम सरोकारवालाहरुबाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको ।

**<u>२०.जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण</u>**

जिल्ला समन्वय समितिका सवै गतिविधिहरु वेवसाईट, समितिको फेसवुक पेज र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रबाह गर्ने गरिएको र हाल जिल्ला समन्वय समिति दर्पण प्रकाशनका लागि आवश्यक प्रकृयामा रहेको साथै जि.स.स. ले जिल्ला भित्रका सबै स्थानीय तह एवं जिल्ला भित्रका धार्मिक, सांस्कृतिक, पर्यटकीय, प्रशासनिक।